# लिखु गाउँपालिका यसम, ओखलढुंगा

## प्रदेश नं. १

## स्थानीय राजपत्र

# लिखु गाउँपालिकाद्धारा प्रकाशित

| खण्डः–२ | संख्याः-५ | मितिः-२०७५/०२/२९ |
| --- | --- | --- |


## भाग-२

नेपालको संविधानको धारा २२२ बमोजिम गठित गाउँ सभाले धारा २२६ को उपधारा १ र स्थानीय सरकार संचालन ऐन २०७४ दफा १०२ उपदफा ३ को अधिनमा रहि लिखु गाउँपालिका बजार अनुगमन निर्देशिका, २०७५ लिखु गाउँपालिकाले सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ।

### लिखु गाउँपालिका बजार अनुगमन निर्देशिका, २०७५

**प्रस्तावना :**नेपालको संविधान, २०७२ को अनुसूची ८ बमोजिम उपभोक्ता हित संरक्षणार्थ बजार अनुगनमनको जिम्मेवारी स्थानीय तहलाई तोकिएको हुदा सो संवैधानिक दायित्व कार्यान्वयको लागि नेपाल सरकार मन्त्री परिषदबाट मिति २०७३।१०।१८ मा स्वीकृत कार्य विस्तृतिकरण प्रतिवेदनको अधिनमा रही यो निर्देशिका तयार पारिएको छ।

उपभोत्ताको स्वास्थ्य, सुविधा र आर्थिक हित कायम राख्न, उपभोग्य वस्तु वा सेवाको गुणस्तर, परिमाण एवं मूल्यको अनियमितताबाट उपभोत्तालाई संरक्षण प्रदान गर्न, वस्तु वा सेवाको उत्पादन स्थल वा भन्सार विन्दु, ढुवानी मार्ग, भन्सार तथा संचय स्थल, थोक तथा खुद्रा बिक्री स्थल र उपभोग्य स्थल लगायतका ठाउँहरुमा वस्तु वा सेवा प्रदायक वा विक्रेताको व्यवसायीका कारोवारको दर्ता, नविकरण, आपुर्ती, मूल्य, गुणस्तर, नापतौल, विज्ञापन लगायतका व्यापारिक क्रियापलापहरुको नियमन गर्न तत्काल स्थानीय गाउँपालिकाबाट नियमित रुपमा प्रभावकारी बजार अनुगमन गर्न आवश्यक भएकाले लिखु गाउँ कार्यपालिकाको मिति २०७५।०२।२१ को बैठकबाट पारित गरी यो निर्देशिका लागु गरिएको छ ।

#### परिच्छेद-१

#### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(क) यस निर्देशिकाको नाम “लिखु गाउँपालिकाको बजार अनुगमन निर्देशिका २०७५” रहेको छ।

(ख) यो निर्देशिका लिखु गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मिति देखि लागु हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा,

(क) “अनुगमन टोली” भन्नाले कार्यलयले विशेषज्ञ सहित गठन गरेको बजार अनुगमन टोली सम्झनु पर्दछ।

(ख) “उपभोत्ता हित संरक्षण समिति” भन्नाले गाउँपालिकाका उपाध्यक्षको संयोजकत्वमा गठित समिति बुझ्नु पर्दछ।

(ग) "कार्यालय" भन्नाले गाउँपालिकाको कार्यालय सम्झनु पर्दछ ।

(घ) "प्रदायक" भन्नाले वस्तु वा सेवाको उत्पादक, आयतकर्ता, भण्डारण वा बिक्री वितरण गर्ने व्यक्ति वा संस्था सम्झनु पर्दछ ।

(ङ) "वस्तु" भन्नाले उपभोग वा प्रयोग गर्ने वस्तुको समिश्रणबाट बनेको पदार्थ सम्झनु पर्दछ  र सो शब्दले उपभोग्य वस्तुको निर्माणमा प्रयोग हुने कच्चा पदार्थ, रङ्ग, सुगन्ध वा रसायनलाई समेत जनाउछ ।

(च) "बिक्रेता" भन्नाले वस्तु वा सेवाको उत्पादक, पैठारीकर्ता, थोक वा खुद्रा बिक्रेता, सेवा प्रदायक सम्झनु पर्दछ । सो शब्दले होटल, लज, होस्टल, खाजा घर सञ्चालक आदि समेत जनाउने छ ।

(छ) "स्थानीय सरकार" भन्नाले गाउँपालिकालाई सम्झनु पर्दछ ।

(ज) "सेवा" भन्नाले व्यवसायीक सेवा, सञ्चार सेवा, निर्माण तथा इन्जिनियरिङ सेवा, विवरण सेवा, शिक्षा सेवा, वातावरणिय सेवा, वित्तिय सेवा, स्वास्थ्य र सामाजिक सेवा, पर्यटक सेवा, मनोरञ्जन तथा खेलकुद सेवा, यातायात सेवा लगाएतका दस्तुर/पारिश्रमिक लिई वा नलिई प्रदान गरिने सम्पुर्ण सेवाहरु सम्झनु पर्दछ ।

(झ) "समिति" भन्नाले उपभोक्ता हित संरक्षण समिति भन्ने सम्झनु पर्दछ ।

## परिच्छेद-२

## उपभोक्ता हित संरक्षण समिति

### ३. उपभोक्ता हित संरक्षण समितिः

उपभोक्ता हित संरक्षण सम्बन्धी विषयमा आवश्यक नितिगत व्यवस्था गर्न तथा बजार अनुगमन कार्यलाई मार्गदर्शन एवं समन्वयको लागि गाउँपलिका उपभोक्ता हित संरक्षण समितिको गठन गर्नेछ ।

### ४. उपभोक्ता हित संरक्षण समितिको गठन देहाय अनुसार हुनेछ ।

(क) लिखु गाउँपालिका उपाध्यक्ष -संयोजक

(ख) लिखु गाउँपालिका आर्थिक विकास समितिका संयोजक -सदस्य

(ग) जिल्ला प्रशासन कार्यालय वा इलाका प्रशासन कार्यालयका अधिकृत प्रतिनिधि -सदस्य

(घ) खाद्य, गुणस्तर, औषधी/जनस्वास्थ्य/उद्योग वाणिज्य हेर्ने (उपलब्ध भए सम्मका विषय हेर्ने) शाखाका प्रमुख/प्रतिनिधि -सदस्य

(ङ) सम्बन्धित उद्योग बाणिज्य संघको प्रतिनिधि -सदस्य

(च) उपभोक्ता हित संरक्षणमा क्रियासिल संस्था वा व्यक्तिहरु मध्येबाट एक जना -सदस्य

(छ) कार्यालयको उपभोक्ता हित संरक्षण हेर्ने शाखा/डेक्स/एकाईका प्रमुख -सदस्य सचिव

### ५. उपभोक्ता हित संरक्षण समितिका काम, कर्तव्य र अधिकारः

(क) उपभोक्ता हित संरक्षणको लागि आवश्यक नितिगत व्यवस्था गर्ने,

(ख) अत्यावश्यक वस्तुहरुको माग र आपुर्तीको अवस्था सम्बन्धी तथ्याङ्क संकलन र मागको प्रक्षेपण गर्ने,

(ग) समितिले यस निर्देशिकाको दफा (८) २ अनुसार गठित अनुगमन टोलीद्वारा अनुसूची-१, प्रतिवेदन लिने ।

(घ) उपभोक्ता हित संरक्षण गर्न आपुर्ती व्यवस्था र उपभोग्य वस्तु वा सेवाको छड्के अनुगमन गर्ने,

(ङ) बजार अनुगमन सम्बन्धी कामको मूल्याङ्कन गर्ने र टोलीलाई आवश्यकता अनुसार मार्गदर्शन गर्ने,

(च) गाउँपालिकाले दिएको अन्य निर्देशन र आदेशको कार्यान्वयन गर्ने गराउने,

(छ) उपभोक्ता हित कार्यमा आवश्यक कानूनी कारवाहीको लागि निरिक्षण वा अनुसन्धान अधिकृत तोक्ने,

**६. उपभोक्ता हित संरक्षण समितिको बैठक सम्बन्धी कार्यविधिः** उपभोक्ता हित संरक्षण समितिको बैठक महिनामा एक पटक अनिवार्य रुपमा बस्नु पर्नेछ । समितिको बैठकले आफ्नो कार्यविधि आफै तयार गर्नेछ । यसरी बैठक बस्दा कम्तिमा ३ दिन अगाडि बैठकको विषय सहितको सूचना सदस्यहरुलाई उपलब्ध गराउनु पर्नेछ ।

## परिच्छेद-३

## बजार अनुगमन सम्बन्धी व्यवस्था

**७. वस्तु वा सेवाको दर्ता, आपुर्ती, मूल्य, गुणस्तर, नापतौल लगायतका व्यापारिक क्रियाकलापलाई उपभोक्ता मैत्री बनाउन गाउँपालिकाले निम्न व्यवस्था गर्नु पर्नेछ,**

(क) गुणस्तरिय उपभोग्य वस्तु तथा सेवाको सहज सर्वसुलभ आपुर्ती हुने वातारणको सुनिश्चितता सहित उपभोक्ताहरुको हक र हितको संरक्षण गर्न कार्यालयमा उपभोक्ता हित संरक्षण शाखा/एकाई/डेक्सको व्यवस्था गरी नियमित र प्रभावकारी बजार अनुगनमको व्यवस्था गर्ने ।

(ख) बजार प्रणालीलाई प्रतिनिधि उपभोक्ता प्रति जिम्मेवार तुल्याउन प्रचलित कानूनको कार्यान्वयनमा जोड दिने ।

(ग) उपभोक्ता शिक्षा सम्बन्धी सचेतना र बजार अनुगमनको कार्ययोजना तयार गरी उपभोक्ता हित संरक्षणको विषयलाई विशेष प्राथमिकतामा राख्ने ।

(घ) उपभोक्तालाई सचेत र जागरुप तुल्याउन वडा समितिको कार्यालयदेखि नै उपभोक्ता सचेतना लगायतका कार्यक्रमहरु सञ्चालन गर्ने ।

(ङ) आफ्नो गाउँ अन्तर्गत स्थापित वा सञ्चालित उद्योग व्यवसायको दर्ता नविकरण, बिल, विजक तथा बिक्रीको लागि राखिएको माल वस्तु, नापतौल, गुणस्तर, लेवल, आपुर्ती, आदिको अनुगमन गर्ने ।

(च) तरकारी, फलफुल, माछा, मासु, मिठाई पसल, डेरी, होटल लगायतका खाद्य वस्तुको बिक्री स्थलको मापदण्ड तोक्ने र छुट्टै फलफुल तथा तरकारी बजार र वधशालाको व्यवस्था गर्ने,

**८. बजार अनुगमन टोली गठन,**

१. वस्तु वा सेवा प्रदायक व्यवसायको दर्ता, नविकरण, आपुर्ती, मूल्य, नापतौल, विज्ञापन लगायतका व्यापारिक क्रियाकलापहरुको नियमित एवं आकश्मिक अनुगमनको लागि गाउँपालिकाले बजार अनुगमन टोली गठन गर्नेछ ।

२. उपदफा १ बमोजिम गठन हुने अनुगमन टोलीमा देहाय बमोजिमको पदाधिकारीहरु रहने छ,

| | |
|---|---|
| (क) कार्यालयको उपभोक्ता हित संरक्षण हेर्ने शाखा/एकाई/डेक्सको प्रमुख | -संयोजक |
| (ख) सम्बन्धित विषयगत क्षेत्रको प्रतिनिधि (उपलब्ध भएसम्म) | -सदस्य |
| (ग) स्थानीय प्रशासनको प्रतिनिधि (उपलब्ध भएसम्म) | -सदस्य |
| (घ) स्थानीय सुरक्षा निकाय (नेपाल प्रहरी) को प्रतिनिधि | -सदस्य |
| (ङ) उपभोक्ता हित संरक्षणमा क्रियासिल संस्था वा व्यक्तिहरुमध्येबाट मनोनित एक जना | -सदस्य |
| (च) उद्योग वाणिज्य संघको प्रतिनिधि (उपलब्ध भएसम्म) एक जना सदस्य | -सदस्य |
| (छ) पत्रकार महासंघ/सञ्चारकर्मी एक जना | -सदस्य |

३. अनुगमन टोलीमा कम्तिमा ५ जना प्रतिनिधि संलग्न भई बजार अनुगमन सम्बन्धी कार्य गरिने छ तर कुनै विषयगत क्षेत्रको अनुगमन गर्ने कार्यमा सम्बन्धित विषयगत क्षेत्रको प्रतिनिधि अनिवार्य रुपमा समोवेश गराउनु पर्नेछ । (विषयगत विज्ञ वा प्रतिनिधि भन्नाले जस्तै खाद्य वा कृषि उपजको लागि खाद्य निरिक्षण वा उपलब्ध नभएमा कृषि प्राविधिक वुभि्कने छ)

४. उपभोक्ता हित संरक्षण हेर्ने शाखा वा एकाईले मासिक रुपमा तोकिएको ढाँचामा बजार अनुगमनको एकिकृत प्रतिवेदन कार्यालयमा पेश गर्ने ।

**९. बजार अनुगमन टोलीको काम, कर्तव्य र अधिकार :**

दफा ८ वमोजिम गठित बजार अनुगमन टोलीले प्रचलित कानून वमोजिम देहाय अनुसारका कार्यहरु गर्नु पर्नेछ ।

(क) बजार अनुगमनको पुर्व कार्य योजना र मासिक अनुगमन कार्य तालिका वनाई स्वीकृतीको लागी समिति पेश गर्ने ।

(ख) स्वीकृत कार्य योजना वमोजिम नियमित रुपमा बजार अनुगमन गर्ने र आवश्यकता वमोजिम आकस्मीक वा विशेष अगुगमन गर्ने ।

(ग) कालो बजारी, एकाधिकार (सिन्डीकेट), मिलेमतोपूर्ण भाउ निर्धारण (कार्टेलिङ्ग) कृतिम अभाव तथा बजार प्रवेशमा अवरोध गर्ने तथा गैर प्रतिस्पर्धि व्यापारीक क्रियाकलाप भए नभएको अनुगमन गर्ने ।

(घ) कनै वस्तुको अनुचित व्यापारिक क्रियाकलाप (मिसावट/गुणस्तरहिन) कम तौल भएको देखिएमा /भेटिएमा आवश्यकता अनुसार त्यस्ता वस्तु जफत गर्ने,नष्ट गर्ने,कारोवार रोक्का गर्ने, वा वन्द गर्ने वा लगायतका कार्य गर्ने।

(ङ) वस्तु वा सेवाको दर्ता,आपूर्ति मूल्य,गुणस्तर नापतौल, विज्ञापन लगायतका व्यापारीक क्रियाकलापको अनुगमन गर्ने।

(च) उपभोक्ता हित संरक्षण समितिवाट समय समयमा दिइएका निर्देशन एवं आदेश वमोजिमका कामहरु गर्ने ।

(छ) सम्पन्न बजार अनुगमन प्रतिवेदन सोहि दिन कार्यालयमा पेश गर्नु पर्नेछ ।

**१०. बजार अनुगमन कार्यविधिः**

(१) बजार अजुगमन टोलीले बजार अनुगमन गर्दा निम्न विषयमा ध्यान दिनु पर्नेछ ।

(क) बिक्रेता वा सेवा प्रदायकले नियामक निकायवाट कानून वमोजिम प्रदान गरीने गरेको व्यवसाय दर्ता प्रमाण-पत्र, स्थायी लेखा नम्वरको प्रमाण-पत्र, खाद्य अनुज्ञा-पत्र, औषधी पसल दर्ता प्रमाण-पत्र लगायतका आवश्यक कागजातहरु लिएको छ छैन हेर्ने । साथै प्रमाण पत्र नियमित रुपमा नविकरण भए नभएको हेर्ने । प्रमाण पत्र नलिएको वा नविकरण गरेको नदेखिएमा वढिमा ७ दिन भित्र सो कार्य गरी कार्यालयमा पेश गर्न लिखित निर्देशन दिने ।

(ख) बिक्रेता वा सेवा प्रदायकले आफ्नो व्यवसायको साइनवोर्ड छ छैन हेर्ने । नराखेको भए ३ दिन भित्रमा राखि कार्यालयमा सो को जानकारी दिन लिखित निर्देशन दिने ।

(ग) प्रदायकले वस्तुको बिक्री कक्षमा मूल्य सूची राखेको छ/ छैन हेर्ने । नराखेको भए ३ दिन भित्रमा राखि कार्यालयमा सो को जानकारी दिन लिखित निर्देशन गर्ने

(घ) माल,वस्तु परिणाम,मूल्य,गुणस्तर र तौल ठिक छ /छैन हेर्ने ।

(ङ) प्याकेजिङ्ग गरिएको वस्तुको लेवलमा उत्पादक वा पैठारीकर्ताको नाम,उत्पादक मिति,उपभोग्य अवधि वा मिति, अधिकतम खुद्रा मूल्य, मिश्रण,भण्डारण र उपभोग गर्ने तरिका उल्लेख भएको छ/छैन ।

(च) औषधि वा औषधियुक्त पदार्थ भए सो को प्याकिङ्ग प्रयोग गर्ने तरिका छ/छैन हेर्ने । औषधीविज्ञ (फार्मासिष्ट) औषधी बिक्री स्थलमा भए /नभएको एवं औषधी बिक्रेता प्रमाणपत्र समेत हेर्ने ।

(छ) उपभोग्य मिति नाघेको औषधी, प्रशोधित पानी, विस्कुट, पाउरोटी लगायतका खाद्य तथा उपभोग्य वस्तुहरु फेला परेमा नष्ट गर्ने ।

(ज) उत्पादक मिति, उपभोग्य मिति केरमेट गरेको वा पुनः लेवलिङ्ग वा छपाई गरेको छ छैन हेर्ने । पुनः लेवलिङ्ग वा छपाई गरेको पाइएमा त्यस्तो वस्तु जफत गर्ने, वस्तु प्रकृति अनुसार मुचुल्का गरी नष्ट गर्ने ।

(झ) माछामासु, फलफुल, तरकारी, मिठाई पसल , डेरी र होटल वधशाला वा माछा मासु बिक्रीस्थल सफा सुग्घर र मापदण्ड अनुसार छ/छैन हेर्ने । नभएमा कसुरको प्रकृति अनुसार सजग गराउने वा चेतावनी दिने तथा अटेरी गरेमा तोकिए वमोजिम दण्ड जरीवाना गर्ने ।

(ञ) बिक्रेता वा बिक्रेतालाई वस्तुको बिलविजक जारी गरेको छ/छैन हेर्ने । बिल अनिवार्य गर्न निर्देशन दिने ।

२. गाउँपालिकाले अनुसूची-२ मा उल्लेखित वस्तु वा सेवाको अनुगमन गर्न उपभोक्ता हित र संरक्षण हेर्ने शाखा/एकाई/डेक्सलाई लिखित कार्य विवरण तोक्नु पर्ने छ । सोहि आधारमा बजार अनुगमन टोलीले बजार अनुगमन सम्वन्धी कार्य गर्नु पर्नेछ ।

## परिच्छेद-४

## उजुरी सम्वन्धी व्यवस्था

**११. उजुरी दिन सक्नेः**

(क) कुनै वस्तु वा सेवाको बिक्रेता वा प्रदायकले उपभोक्तको हित विपरित व्यापारिक क्रियाकलाप गरेको भनि कुनै पनि व्यक्तिले उपभोक्ता हित संरक्षण समिति वा बजार अनुगमन टोली वा कार्यालयको उपभोक्ता हित संरक्षण हेर्ने शाखा/एकाई/डेक्समा मौखिक वा लिखित सूचना वा उजुरी दिन सक्ने ।

(ख) उपदफा (क) बमोजिमको निकायले उजुरी वा सार्वजनिक सञ्चार माध्यमबाट प्राप्त सूचनालाई उजुरीको रुपमा ग्रहण गरिने छ ।

(ग) उपदफा (क) वा (ख) बमोजिमको उजुरी वा अन्य कुनै सरकारी निकायबाट अनुगमनको लागि लेखि आएमा सोलाई समेत उजुरीको रुपमा ग्रहण गरी बजार अनुगमन टोलीले अनुगमन तथा निरिक्षण गर्नु पर्ने छ ।

(घ) उपदफा (ग) बमोजिम अनुगमन तथा निरिक्षण गर्दा बिक्रेता वा सेवा प्रदायकले प्रचलित कानून वा मापदण्ड विपरित व्यापारिक क्रियाकलाप गरेको पाइएमा तत्काल कारवाही चलाउनु पर्नेछ ।

(ङ) उपदफा (घ) बमोजिम अनुगमन टोलीले गरेका कामकारवाहीमा चित्त नवुझेमा बिक्रेताले प्रचलित कानून बमोजिम गाउँपालिकाको उपाध्यक्ष समक्ष लिखित रुपमा उजुरी दिन सक्नेछ ।

## परिच्छेद-५

## अनुगमन सम्बन्धी प्रक्रिया

**१२. अनुगमन पुर्व तयारीः** अनुगमन टोलीले अनुगमन गर्नु पुर्व देहायको तयारी गर्नु पर्नेछ ।

(क) निरिक्षण वा अनुगमनमा जानु पुर्व अत्यावश्यक वस्तु तथा सेवामध्ये कुन कुन विषयलाई प्राथमिकतामा राख्ने भन्ने किटान गरी विषय सूची तयार पार्नु पर्नेछ ।

(ख) अनुगमनमा जादा अनुगमन गरिने वस्तु तथा सेवासँग सम्बन्धित ऐन नियमहरु विवरण र चेक लिस्ट साथै लिएर जानु पर्नेछ ।

(ग) वस्तु तथा सेवाको आपुर्ती, बिक्री वितरण, मूल्य, गुणस्तर आदिको बारेमा प्रर्याप्त सूचना र जानकारी हासिल गर्नु पर्नेछ ।

(घ) अनुगमन वा निरिक्षण गर्न जानु अगावै तालिका बनाई आवश्यक पर्ने साधन सुरक्षा आदिको पुर्व तयारी गर्नु पर्नेछ।

**१३. बजार अनुगमन गर्ने प्रक्रियाः**

(क) बजार अनुगमन गर्दा अनुगमनमा खटिइ जाने व्यक्तिले आफ्नो परिचय पत्र देखाई बजार अनुगमन गर्नु पर्नेछ । अनुगमन टोलीका संयोजकले अनुगमनको आवश्यकता बारे जानकारी गराउनु पर्नेछ र सम्बन्धित व्यवसायीले विना कुनै अवरोध अनुगमन गर्न दिनु पर्नेछ ।

(ख) उपदफा (क) बमोजिम बजार अनुगमन गर्दा सम्बन्धित व्यवसायीले वाधा विरोध गरेमा वाधा विरोध गर्नेलाई प्रचलित कानून बमोजिम कारवाही गर्नको लागि सम्बन्धित निकायमा अनुरोध गर्न वा लेखि पठाउन सक्नेछ ।

(ग) अनुगमन टोली बजार अनुगमन गर्दा वस्तु वा सेवाको नमूना संकलन गर्नु पर्ने देखियमा प्रचलित कानून बमोजिम नमूना संकलन गरी सोको यथार्थ विवरण खुलाई सम्भव भएसम्म सम्बन्धित व्यवसायीको समेत दस्तखत भएको स्थलगत मुचुल्का बनाउनु पर्नेछ । सम्बन्धित व्यवसायीले मुचुल्का दस्तखत गर्न नमानेमा सोही व्यहोरा जनाई उपस्थित व्यक्तिहरुको रोहवरमा मुचुल्का तयार गरी आवश्यकता अनुसार सिलवन्दी समेत गरी परीक्षणको लागि यथाशिघ्र सम्बन्धित निकायमा नमूना सहित लेखि पठाउनु पर्नेछ ।

(घ) अनुगमन टोलीले बजार अनुगमन गर्दा तत्काल केही सुधार गर्नु पर्ने देखेमा सम्बन्धित व्यवसायीलाई अवधि तोकी स्थलगत लिखित निर्देशन दिई सुधार गर्न लगाउन सक्नेछ ।

(ङ) बजार अनुगमन टोलीले बजार अनुगमन गर्दा कुनै वस्तु तत्काल नष्ट नगरेमा जनस्वास्थ्यमा असर पर्ने देखियमा त्यस्ता वस्तुको नमूना संकलन गरी प्रमाणपत्रको रुपमा सुरक्षित राखी अरु प्रचलित कानून बमोजिम आवश्यक प्रक्रिया पुऱ्याई सम्बन्धित व्यवसायी र उपस्थित व्यक्तिहरुको रोहवरमा मुचुल्का गरी वातारणमा असर नपर्ने गरी त्यस्तो वस्तु नष्ट गर्नु पर्ने छ । संकलित नमूना आवश्यकता अनुसार परीक्षणको लागि प्रयोगशालामा पठाउनु पर्नेछ ।

**१४. दण्ड जरिवानाः**

(क) बजार अनुगमन टोलीले बजार अनुगमन गर्दा सेवा वा वस्तु राखेको स्थानमा नियमानुसार जाँचबुझ वा खानतलासी गर्न सक्नेछ । खानतलासीबाट वस्तु वा सेवाको बिक्री विरणमा अनुचित वा अनयिमित कार्य गरेका पाइएमा आवश्यकता अनुसार त्यस्तो सेवा वा वस्तुको प्रयोग वा बिक्री वितरणमा रोक लगाउन सक्नेछ तथा त्यस्ता वस्तु अनुगमन टोलीले कब्जामा लिई नियमानुसार कारवाही बढाउने छ ।

(ख) अनुगमन गर्दा कुनै कानूनी कारवाही गर्नुपर्ने देखिएमा अनुगमन टोलीले सम्बन्धित व्यवसायीसँग तुरुन्त लिखित स्पष्टिकरण माग गर्न सक्नेछ ।

(ग) अनुगमन टोली प्रतिवेदन वा नुमना परीक्षण गर्दा मुद्दा दायर गर्नुपर्ने देखिएमा प्रचलित कानून बमोजिम अनुसन्धान तहकिकातको लागि निरिक्षण अधिकृत तोक्ने गरी मुद्दा दायर गर्न समितिबाट निर्णय गराई यथाशिघ्र अभियोजन अधिकारी समक्ष आवश्यक कागजपत्र सहित लेखि पठाउनु पर्नेछ ।

(घ) उपदफा (ग) बमोजिम लेखि आएमा सम्बन्धित अधिकारीले प्रचबिलत कानून बमोजिम प्रक्रिया पुरा गरी सम्बन्धित निकायमा मुद्दा दायर गर्नु पर्नेछ ।

(ङ) उपदफा (क) बमोजिम अनुगमन टोलीले अखाद्य वस्तु वा अन्य वस्तु नष्ट गर्दा लागेको खर्च सम्बन्धित व्यवसायीले नै व्यहोर्नु पर्नेछ ।

(च) अनुगमन गरिएका मालवस्तुको प्रकृति अनुसार मुचुल्का उठाउन पर्नेमा मुचुल्का उठाउने, चेकलिष्ट अनुसार भए नभएको हेर्ने र नमूना परीक्षण भएमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा गाउँ स्वीकृत कानूनमा व्यवस्था भएकोमा सोही बमोजिम अन्यथा खाद्य नियमावली, २०२७ को नियम १० वा उपभोक्ता संरक्षण नियमावली, २०५६ को नियम २७ अनुरुप वा नेपाल गुणस्तर ऐन, २०३७ वा प्रचलित कानून बमोजिम नमूना संकलन गर्नुपर्नेछ ।

(छ) निरीक्षण, जाँचबुझ वा खानतलासी गर्दा उपभोग्य वस्तु रोक्का राख्नुपर्ने भएमा स्थानीय शासन सञ्चालन सम्बन्धी ऐन वा गाउँ सभाबाट स्वीकृत कानूनमा व्यवस्था भएकोमा सोही बमोजिम अन्यथा खाद्य नियमावली २०२७ को नियम १३ वा उपभोक्ता संरक्षण नियमावली, २०५६ को नियम २५, वा नेपाल गुणस्तर ऐन २०३७ र स्ट्याण्डर्ड नापतौल ऐन, २०३५ का प्रचलित कानून बमोजिम गर्नुपर्नेछ ।

(ज) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ वा गाउँ सभाबाट स्वीकृत कानूनमा व्यवस्था भएकोमा सोही बमोजिम अन्यथा वस्तु वा मालसामान सिलवन्दी गर्नुपर्दा खाद्य नियमावली, २०२७ को मियम १३ वा उपभोक्ता संरुक्षण नियमावली, २०५६ को नियम २८ र २९ वा नेपाल गुणस्तर ऐन, २०३७ वा स्ट्याण्डर्ड नापतौल ऐन, २०२५ वा प्रचलित कानून अनुसार गर्नुपर्नेछ ।

(झ) खाद्य प्रशोधन गर्न आवश्यक पर्ने कुनै उपकरण जडान भै कुनै वस्तु वा पदार्थ उत्पादन गरिएकोमा अनुगमन गर्ने निकायले उत्पादन उत्पादन प्रशोधन कानून सम्मत भए नभएको हेरी नभएको भए त्यस्तो स्थानमा सिलवन्दी गर्न सक्नेछ । यसरी सिलवन्दी गरिएकोमा प्रशोधन उद्योगलाई निश्चित समय अवधि दिई आवश्यक मापदण्ड पुरा गरी सुधार गर्न निर्देशन दिन सक्नेछ ।

(ञ) उपदफा (ण) बमोजिम निर्देशन दिएकोमा उद्योगले सुधारात्मक कार्य गरी सिलवन्दी हटाई पाउँ भनि कार्यालयमा निवेदन दिएमा कार्यालयको टोलीले बजार अनुगमन गराई सुधार भएको पाइएमा सिलवन्दी हटाईदिन सक्नेछ । सुधार भएको नपाइएमा कानून बमोजिम कारवाही अगाडी बढाइने छ ।

(ट) वस्तु वा सेवा क्षेत्रमा अनुचित व्यापारिक क्रियाकलाप कानूनद्वारा नियन्त्रित वा निषेधित व्यापारिक क्रियाकलाप र एकाधिकारपुर्ण व्यापारिक क्रियाकलाप भए नभएको विषयमा समेत अनुगमनका क्रममा हेर्नु पर्नेछ ।

## परिच्छेद-६

## आचार संहिता

**१५. आचार संहिताः** बजार अनुगमन गर्न जाने अनुगमन टोलीले निम्न बमोजिमको आचार संहिता पालना गर्नुपर्नेछ,

(क) अनुगमन टोलीले अनुगमन गर्ने स्थान र अनुगमन गरिने वस्तुको बारेमा सो कार्यमा संलग्न सदस्यहरु बाहेक अरु कसैलाई पनि सो बारेमा पुर्व सूचना वा जानकारी गराउनु हुदैन,

(ख) अनुगमनमा खटिने व्यक्तिले आफ्नो नाता गोता वा इस्टमित्रकहाँ अनुगमन गर्न जानु हुदैन,

(ग) अनुगमन कार्यमा संलग्न कुनै पनि सदस्यले अनुगमन गर्ने बिक्रेता व्यवसायीबाट कुनै पनि किसिमको चन्दा, दान, दातव्य वा उपहार स्वीकार गर्नु हुदैन,

(घ) अनुगमन गर्न जादा प्रदायकहरुले दिएको सुविधा तथा आतिथ्य स्वीकार गर्नु हुदैन,

(ङ) कुनै किसिमको प्रलोभन वा मोलाहिजामा पर्नु हुदैन,

(च) अनुगमनको कारवाही सम्बन्धी सूचना प्रवाह गर्दा अनुगमन टोलीको नेतृत्व गर्ने व्यक्तिबाट मात्र प्रवाह गर्नु पर्नेछ तथा अनुगमन टोलीमा रहने अन्य सदस्यहरुको जानकारी दिनु हुदैन,

(छ) बजार अनुगमन गर्दा अनुगमन टोलीका पदाधिकारीहरु प्रदायक समक्ष मर्यादित तरिकाले प्रस्तुत हुनुपर्ने र व्यवसायीको भण्डारण स्थल वा पसलबाट जथाभावी तरिकाले माल वस्तु निकाल्नु हुदैन,

(ज) अनुगमन टोलीको कुनै सदस्यले अनुगमन सम्बन्धी कार्य गर्दा गोप्यता भङ्ग गर्ने लगायत अन्य कुनै गैर कानूनी काम गरेमा कर्मचारी भए प्रचलित कानून बमोजिम विभागीय कारवाही गर्न र अन्य व्यक्ति भए टोलीबाट हटाई प्रचलित कानून बमोजिम कारवाही गर्न सक्नेछ,

(झ) मानव अधिकारवादी संघसंस्था, उपभोक्ता हकहित संरक्षण कार्यमा संलग्न संस्थाहरु, विभिन्न सञ्चार माध्यममा कार्यरत सञ्चार कर्मी प्रतिनिधिहरुले अनुगमन कार्यलाई सहयोग पुग्ने गरी अनुगमन प्रक्रियाको स्थलगत अवलोकन गर्न सक्नेछन् तर सामान जफत गर्ने, धुल्याउने वा नष्ट गर्ने वा सिलवन्दी गर्ने कार्यमा सम्बन्धित आधिकारीक कर्मचारी वा प्रहरीद्वारा नै कार्य सम्पन्न गर्नु पर्नेछ ।

## परिच्छेद-७

## विविध

**१६. बजार अनुगमन समितिको कार्यक्रम तथा बजेटः**

(क) गाउँपालिकाले आफ्नो श्रोत साधन र जनशक्ति प्रयोग हुने गरी बजार अनुगमनका लागि आवश्यक कार्यक्रम र बजेट प्राथमिकताका साथ वार्षिक कार्यक्रममा समावेश गर्नु पर्नेछ,

(ख) नेपाल सरकारबाट बजार अनुगमनका लागि अनुदान प्राप्त भएमा सोही अनुसार कार्यक्रम समावेश गर्नुपर्नेछ,

(ग) वार्षिक कार्यक्रममा उपभोक्ता सचेतनाको कार्यक्रम समेत समावेश गर्नुपर्नेछ,

(घ) बजार अनुगमनको क्रममा नमूना संकलन गर्दा प्रदायकहरुलाई वस्तुको मूल्य भुक्तानी गरी बिल लिनु पर्नेछ,

(ङ) बजार अनुगमन टोलीमा खटिएका व्यक्तिहरुलाई खाजा वापत भत्ता दिनु पर्नेछ,

**१७. स्थानीय प्रशासनको कर्तव्यः** बजार अनुगमन गर्दा अनुगमन टोलीले सुरक्षा लगायतका आवश्यक सहयोग माग गरेमा तत्काल त्यस्तो सुरक्षा तथा सहयोग उपलब्ध गराउनु स्थानीय प्रशासनको कर्तव्य हुनेछ ।

**१८. असल नियतले गरेको काम बचाऊः** यस निर्देशिका बमोजिम बजार अनुगमन गर्दा असल नियतले गरेका कामको सम्बन्धमा टोलीका संयोजक तथा सदस्यहरु उपर कुनै कारवाही हुने छैन् ।

**१९. प्रचलित कानून बमेजिम हुनेः** यस निर्देशिकामा भएको व्यवस्थाले प्रचलित कानून बमोजिम हुने अन्य अनुगमन कार्यलाई वाधा पुऱ्याएको मानिने छैन् ।

**२०. दण्ड सजायः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ वा गाउँ सभाबाट स्वीकृत कानूनमा व्यवस्था भएकोमा सोही बमोजिम अन्यथा प्रचलित कानून (उपभोक्ता हित संरक्षण ऐन नियम, खाद्य ऐन नियम, औषधी बिक्री विवरण सम्बन्धी ऐन नियम, कालो बजारी तथा अन्य केही सामाजिक अपराध तथा सजाय ऐन, मासु जाँच ऐन, लगायतका) अधिनमा रही बजार अनुगमनबाट दोषी पाइएमा व्यवसायी उपर कानूनी कारवाही र दण्ड सजाय गर्नुपर्नेछ ।

**२१. प्रतिवेदनः** बजार अनुगमनको मासिक प्रगति प्रतिवेदन अनुसूची-३ अनुसार तयार गर्नुपर्नेछ ।

**२२. बाधा अड्काउ फुकाउने अधिकारः** यस निर्देशिकाको कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा उपभोक्ता हित संरक्षण तथा मूल्याङ्कन समितिको बैठकबाट निर्णयका लागि बाधा अड्काउ फुकाउ गर्न गाउँपालिका पठाइने छ ।

**२३. संशोधनः** यस निर्देशिकामा थपघट गर्ने अधिकार प्रचलित कानूनको अधिनमा रही गाउँ कार्यपालिकाको हुनेछ ।

**अनुसूची-१**

**(दफा ८ को उपदफा ४ सँग सम्बन्धि)**

**श्री ................. गाउँपालिका**

**विषयः बजार अनुगनमको मासिक प्रतिवेदन ।**

आज मिति २०......।......।..... सम्म निम्न स्थानहरुमा बजार अनुगमन गर्दा निम्नानुसार देखिएको व्यहोरा अनुरोध छ ।

| सि.नं | अनुगमन गरिएको स्थान | अनुगमन गरिएको क्षेत्र/प्रकृति/वस्तुहरु | अनुगमन विवरण (परिमाण, अवस्था र अन्य कुरा) व्यवसायीक प्रतिष्ठा संस्था | सामानको जफत/बरामदी नाम/परिमाण | नष्ट गरिएको वस्तु/परिमाण नाम परिमाण | सिलवन्दी गरिएको मात्र/संख्या | गरिएको नमूना संकलन मात्रा/संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

बोधार्थ

श्री संयोजक ज्यू

उपभोक्ता हित संरक्षण समिति ।

## अनुसूची-२

### (दफा ८ को उपदफा ४ सँग सम्बन्धि)

(अ) बजार अनुगमन क्रममा बिभिन्न उपभोग्य वस्तु तथा सेवाको अनुगमन गर्नु पर्ने भएकाले उपभोग्य वस्तु तथा सेवाको निम्नानुसार वर्गीकरण गरिएको छ ।

**समूह “क” खाद्यान्य माछा/मासुजन्य/तरकारी फलफुल/दैनिक उपभोग्य**

(१) खाद्यान्न तथा खाद्य पदार्थहरु नुन, चिनी, चिया, कफि, मह, प्रशोधन पानी आदि ।

(२) अप्रोशोधित, अर्धप्रशोधित खाद्य पदार्थहरु

(३) प्रशोधन तथा खाद्य पदार्थ उत्पादन गर्न प्रयोग गरिने कच्चा पदार्थ,

(४) खाद्य पदार्थ उत्पादन गर्ने उद्योग,

(५) खाद्य पदार्थ बिक्री वितरण गरिने बिक्री स्थल र भण्डार गृह वा संचय स्थल,

(६) खानेतेल ध्यू (वनस्पति ध्यू समेत)

(७) दुध तथा दुग्ध पदार्थहरु र दुध प्याकिङ्ग गर्न प्रयोग हुने प्लाष्टिक पाउचहरु,

(८) माछा, मासु, अण्डा

(९) मसला जन्य पदार्थहरु (जिरा, मरिच, अदुवा, लसुन, धनिया, वेसार, ज्वानो, मेथी, ल्वाँङ, सुकुमेल, अलैँची, दालचिनी र खुर्सानी लगायतका मसालाका रुपमा उपभोग गरिने पदार्थहरु)

**समूह “ख” औषधी एवं स्वास्थ्य सेवा**

(१) औषधी तथा औषधीजन्य पदार्थहरु (पशु पन्छी तथा जडिवुटिमा आधारित ओषधी समेत),

(२) औषधी उत्पादन गर्ने उद्योग तथा बिक्री वितरण गरिने स्थल,

(३) अस्पताल, नर्सिङहोम, किल्निक आदि स्वास्थ्य सेवा प्रदायक संस्थाहरु

**समूह “ग” रासायनिक मल/विषादी/विऊ विजन/कृषि औजार**

(१) पशुपन्छी आहारा र त्यसमा प्रयोग हुने कच्चा पदार्थहरु समेत,

(२) रासायनिक मल, विषादी, विऊ विजन, कृषि औजारहरु

**समूह “घ” इन्धन**

(१) इन्धन भण्डारण, पेट्रोलियम पदार्थको नापतौल, गुणस्तर मूल्य तथा मापदण्डहरुको परिपालना,

**समूह “ङ” निर्माण सामग्रीः**

(१) ढुङ्गा, इटा, गिटि, बालुवा लगाययका निर्माण सामग्री तथा सोसँग सम्बन्धित उद्योग, भण्डारण स्थल र बिक्री वितरण स्थल,

**समूह “च” शैक्षिक सामग्रीः**

(१) पाठ्य सामग्री, स्टेशनरी लगायतका शैक्षिक सामग्रीहरु ,

(२) शिक्षा निर्देशिका अनुसार विद्यालयहरुको शुल्क आदि ।

**समूह “छ” होटल/लज/रेष्टुरा/खाजा घर/चमेना गृहः**

(१) होटल/लज/रेष्टुरा/खाजा घर/चमेना गृहको सरसफाई तथा अन्य व्यवस्थापन,

(२) प्रशोधित वा अप्रशोधित वस्तुहरुको भण्डारण

(३) होटल, रेष्टुरा तथा मिठाई पसलहरुमा बिक्री हुने पकवान तथा प्याकेजिङ गरी बिक्री हुने खाद्य पदार्थहरु, हल्का पेय पदार्थहरु मदिराजन्य पदार्थहरु,

**समूह “ज” सुर्तीजन्य पदार्थहरुः**

(१) सुपारी, पानपराग, सुर्ती, विडी, चुरोट तथा सुर्तीजन्य पदार्थ,

**समूह “झ” नापतौलः**

(१) ढक, तराजु लगायतका नापतौलमा प्रयोग हुने उपकरणहरु,

**समूह “ञ” पशुपन्छी हाटबजारः**

(१) पशुपन्छी हाट बजार तथा बिक्री स्थल,

**समूह “ट” सौन्दर्य सामग्रीः**

(१) विभिन्न प्रकारका सौन्दर्य सामग्रीहरु,

(२) व्युटिपार्लर, शैलुन आदि,

**समूह “ठ” विद्युतीय सामानहरुः**

(१) विद्युतीय सामग्रीहरु,

(२) इलोक्टोनिक सामग्रीहरु

**समूह “ड” रङ्ग/रोगनः**

(१) विभिन्न कम्पनीका भवन सम्बन्धी रङ्ग र रङ्गरोगन सम्बन्धी सामग्रीहरु ।

**समूह “ढ” गरगहनाः**

(१) सुन, चाँदी, हिरा, मोती, जवाहरत तथा सो बाट निर्मित गरगहनाको नापतौल एवं गुणस्तर

**समूह “ण” सवारी साधनः**

(१) ट्याक्सी मिटर शुल्क र टेम्पो, पालिकाबस आदिको भाडा आदि ।

**समूह “त” अन्यः**

(१) अन्य उपभोग्य वस्तुहरुको उत्पादन स्थल, प्रशोधन स्थल, ढुवानीको अवस्था बिक्री स्थलहरु

**(आ) अनुगमन गरिने सेवाको विवरणः**

(१) व्यापारिक सेवा

(२) संचार सेवा,

(३) स्थल यातायात तथा हवाई सेवा,

(४) विद्युत सेवा,

(५) खानेपानी सेवा,

(६) विज्ञापन सेवा अन्य उपभोग्य सेवाहरु,

(७) स्वास्थ्य सेवा,

(८) शिक्षा सेवा,

(९) वित्तिय सेवाहरु,

## अनुसूची-३

### (दफा १० सँग सम्बन्धि)

### दैनिक बजार अनुगमन फाराम

(बजार अनुगमन फारामको प्रमाणित प्रति सम्बन्धी व्यवसायीलाई दिनु पर्नेछ ।)

व्यापारिक प्रतिष्ठानको नामः श्री ...........

ठेगानाः

प्रोपाइटर वा फर्म धनीको नामः

फोन नं. :

यस कार्यालयको नेतृत्वमा खटिएकोले अनुगमन टोलीबाट तपाईको विक्रिस्थल/गोदाम/उद्योगको निरिक्षण गर्दा निम्न अनुरुपको स्थिति भेटिएकोले देहाय अनुसार गर्नु गराउनु हुन निर्देशन दिइएको छ ।

| क.स | विवरण | भएको | नभएको | टोलीबाट दिइएको निर्देशन |
|---|---|---|---|---|
| १ | मूल्य-सूची | | | |
| २ | साइनबोर्ड | | | |
| ३ | व्यवसाय दर्ता/ नविकरण | | | |
| ४ | नापतौलको प्रमाण | | | |
| ५ | लेबलमा खुलाउनुपर्ने कुराहरु स्पष्ट उल्लेख भए/नभएको | | | |
| ६ | म्याद नाघेको सामग्री | | | |
| ७ | स्थायी लेखा नम्बर र दर्ता | | | |
| ८ | बिक्री बिल दिने प्रक्रिया भए/ नभएको | | | |
| ९ | खाद्य अनुज्ञा-पत्र (खाद्य उद्योगको लागि) | | | |
| १० | मासुको गुणस्तर सन्तोषजनक भए/नभएको | | | |
| ११ | मिठाइको गुणस्तर लगाएतका पक्षहरु सन्तोषजनक भए/नभएको | | | |
| १२ | ग्याँसको तौल, मूल्य लगायतका विषय सन्तोषजनक | | | |
| १३ | खरिद बिल भए/नभएको | | | |
| १४ | यस अगाडीको निर्देशन पालना | | | |
| १५ | अन्य कैफियतपुर्ण स्थिति (खुलाउने) | | | |

एक पटक दिइएका निर्देशनहरु पुनः अनुगमन गर्दा पालना नभएको पाइएमा प्रचलित कानून बमोजिम कडा कारबाही हुनेछ ।

निरिक्षण टोली

१. संयोजक श्री ..........

२. सदस्य श्री .........

३. सदस्य श्री ...........

४. सदस्य श्री ...........

५. सदस्य श्री ...........

...................

माथि उल्लेखित विवरण ठिक छ भनि उत्पादक/बिक्रेताको नाम र सहीछाप

## अनुसूची-४

### (दफा १४ सँग सम्बन्धि)

### मुचुल्का

……………. जिल्ला लिखु ……….. गाउँपालिका …… वडा नं. ……… टोल………… मा खडा गरेको घटनास्थल/बरामदी/खानतलासी/शिलछाप लगाएको मुचुल्का:-

१. उजुरी वा सूचनाको छोटकरी विवरण

२. चार किल्ला सहित खानतलासी/बरामदी गरिएको चिज वस्तुको नमुना तथा ठाउँको विवरणः-

३. बरामद भएको सामान/दसीको विवरण/शिलछाप गरिएको विवरणः-

(क)

(ख)

(ग)

४. खानतलासी/बरामदी भएको देखे बमोजिम सहि छाप गर्ने साक्षीः- (.नाम, वतन समेत)

(क)

(ख)

(ग)

५. रोहवरमा बस्नेहरुको नाम, थर, उमेर, वतन सहिछापः-

(क)

(ख)

(ग)

६. निरिक्षण टोलीले मेरो उद्योग/गोदाम/पसलमा अनुगमन गर्दा कुनै सामान हिनामिना भएको छैन । माथि प्रकरण ३ मा उल्लेख भएको चिज वस्तु तथा सामानहरु…….. उद्योग, गोदाम, पसलबाट बरामद भएको हो । साथै टोलीले लगाएको सिल थान ……. छाप भएको ठिक साँचो हो भनि सहिछाप गर्नेः-

(क)

(ख)

(ग)

७. कार्य तामेली गर्नेः-

(क)

(ख)

(ग)

मितिः-

समयः-

**अनुसूची-५**

**(दफा १४ सँग सम्बन्धि)**

**तारेख भरपाई**

पक्ष ............................

विपक्षः जिल्ला .................... गाउँपालिका ........... वडा नं. ............... स्थायी घर भई हाल .................. जिल्ला ............... गाउँपालिका ................ बस्ने श्री ........... का नाती/नातिनी श्री ................ का छोरा/छोरी वर्ष .................. को ........ नामक व्यवसायका सञ्चालाक श्री ................................ सम्पर्क नं. ...............................।

**तारेख**

मिति ....... साल ... महिना........ गते ......... रोज दिनको समय ................. बजे उपस्थित हुनेछु भनि सहीछाप गर्ने ।

हस्ताक्षरः

नामः

मिति ....... साल ... महिना........ गते ......... रोज दिनको समय ................. बजे उपस्थित हुनेछु भनि सहीछाप गर्ने ।

हस्ताक्षरः

नामः

मिति ....... साल ... महिना........ गते ......... रोज दिनको समय ................. बजे उपस्थित हुनेछु भनि सहीछाप गर्ने ।

हस्ताक्षरः

नामः

आज्ञाले,

नामः समिर भट्टराई

प्रमुख प्रशासकीय अधिकृत

मितिः२०७५/०२/२९